# राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

## पूल्चोक, ललितपुर

# सहकारी पुरस्कार छनौट निर्देशिका-२०७५ (संशोधन सहित)

# प्रस्तावना

नेपालको सहकारी अभियानको विकासमा उच्च योगदान पुऱ्याउने सहकारी संघ, संस्था तथा व्यक्तिहरूलाई पुरस्कृत गरी प्रोत्साहित गर्ने उद्देश्यका साथ पुरस्कार मूल्यांकनका विधि, प्रक्रिया र आधारहरू तय गरी पुरस्कार छनौट कार्यलाई व्यवस्थित तथा पारदर्शि बनाउन वाञ्छनीय भएकोले राष्ट्रिय सहकारी महासंघ लि. नेपालको कार्यकारिणी समितिको मिति २०७५ फागुन ७ गते वसेको वैठकद्वारा पारित गरी यो **"सहकारी पुरस्कार छनौट निर्देशिका-२०७५"** लागु गरिएको छ ।

## खण्ड १
## संक्षिप्त नाम र प्रारम्भ

१. यो निर्देशिकाको नाम **"सहकारी पुरस्कार छनौट निर्देशिका-२०७५"** रहनेछ ।

२. यो निर्देशिका संचालक समितिले स्वीकृत गरेपछि लागु हुनेछ ।

## खण्ड २
## परिभाषा

**३. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:-

क) **"महासघं"** भन्नाले राष्ट्रिय सहकारी महासंघ लि. नेपाललाई सम्झनु पर्दछ ।

ख) **"उपसमिति"** भन्नाले महासंघद्वारा गठित पुरस्कार उपसमितिलाई सम्झनु पर्दछ ।

ग) **"पुरस्कार"** भन्नाले उत्कृष्ट कार्य सम्पादन गरे वा योगदान पुऱ्याए वापत प्रदान गरिने सम्मान/कदर/प्रशंसापत्र, नगद रकम वा जिन्सी समेतलाई सम्झनु पर्दछ ।

घ) **"निर्देशिका"** भन्नाले **सहकारी पुरस्कार छनौट निर्देशिका, २०७५** सम्झनु पर्दछ ।

ङ) **"समिति"** भन्नाले महासंघको समितिलाई सम्झनु पर्दछ ।

च) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस निर्देशिकामा तोकिएका विभिन्न प्रावधानहरूलाई सम्झनु पर्दछ ।

छ) **"सघं"** भन्नाले केन्द्रीय स्तरका सहकारी संघहरू, प्रदेश स्तरका सहकारी संघहरू, जिल्ला स्तरका सहकारी संघहरूलाई सम्झनु पर्दछ ।

ज) **"संस्था"** भन्नाले सहकारी ऐन २०७४ बमोजिम गठित सहकारी संस्थाहरूलाई सम्झनु पर्दछ ।

झ) **"सम्मान"** भन्नाले विशिष्ट योगदन पुऱ्याउने व्यक्ति, संस्था वा निकायहरूलाई प्रदान गरिने प्रसंशा पत्र, कदर पत्र तथा सम्मान पत्रलाई सम्झनु पर्दछ ।

ञ) **"प्रदेश"** भन्नाले नेपालको सविंधान बमोजिम कायम गरिएको भौगोलिक विभाजनलाई जनाउदछ ।

ट) **"व्यवस्थापन"** भन्नाले महासंघको व्यवस्थापकिय कार्यमा संलग्न कर्मचारीहरूलाई जनाउँदछ ।

## खण्ड ३
## छनौट र वर्गिकरण

**४. पुरस्कारका लागि छनौट गरिने व्यक्ति वा संघ/संस्था**

राष्ट्रिय सहकारी महासंघद्वारा प्रदान गरिने सम्मान तथा पुरस्कार देहायमा उल्लेख भए वमोजिमका व्यक्ति एवम् संघ/संस्थाहरूमध्येबाट छनौट गरिनेछ ।

क) सहकारी अभियानमा विशेष योगदान दिने वा विशेष भूमिका निर्वाह गर्ने पूर्व तथा वर्तमान पदाधिकारीहरू एवं संचालकहरू, सहकारी विज्ञहरू र सहकारी प्रवर्द्धनका क्षेत्रमा कार्य गर्ने व्यक्ति, समुदाय, संस्था वा निकायहरू ।

ख) उत्कृष्ट कार्य गर्ने विभिन्न विषयका सहकारी संघ/संस्थाहरू।

ग) सहकारीका विभिन्न क्षेत्रहरूको प्रबर्द्धन र विकासका लागि सञ्चार माध्यममा लेख रचना वा समाचार प्रकाशन एवं प्रसारणमा योगदान दिने पत्रकार तथा समाचार प्रतिष्ठानहरू,

घ) महासंघ लगायत संघहरूमा कार्यरत कर्मचारीहरू

## ५. पुरस्कारको वर्गिकरण

### ५.१. उत्कृष्ट सहकारी पुरस्कार

(क) महासंघबाट प्रत्येक वर्ष सहकारी व्यवसायका आधारमा अनुकरणीय कार्य गर्ने सहकारी संघहरूलाई **उत्कृष्ट सहकारी पुरस्कार** प्रदान गरिने छ।

(ख) **उत्कृष्ट सहकारी पुरस्कार** केन्द्रीय सहकारी संघहरू र जिल्ला स्तरीय सहकारी संघहरूमध्ये १/१वटालाई प्रदान गरिने छ।

(ग) **उत्कृष्ट सहकारी पुरस्कार** विभिन्न विषयगत विधाहरूमा उत्कृष्ट कार्य गर्ने सहकारी संघहरूलाई मात्र प्रदान गरिने छ।

(घ) यस विधाको लागि प्रतिस्पर्धामा आउन ईच्छुक संघहरूले अनुसूचि-१ बमोजिमको फारम भरी तोकिएको समयावधिभित्र १ तह माथिल्लो संघ वा नियमनकारी निकायको शिफारिस साथ महासंघमा पेश गर्नुपर्नेछ।

### ५.२. उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार

(क) महासंघबाट प्रत्येक वर्ष विभिन्न विषयमा अनुकरणीय कार्य गर्ने सहकारी संस्थाहरूमध्येबाट छनौट गरी **उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार** प्रदान गरिने छ।

(ख) **उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार** प्रत्येक प्रदेशबाट १/१ वटा सहकारी संस्थाहरूलाई प्रदान गरिने छ।

(ग) **उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार** विभिन्न विषयगत विधाहरूमा उत्कृष्ट कार्य गर्ने सहकारी संस्थाहरूलाई प्रदान गरिने छ।

(घ) उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार छनौट गर्दा महिलाहरूद्धारा सञ्चालित सहकारी संस्था सहित सम्भव भएसम्म सवै प्रकृतिका संस्थाहरूलाई समेटनुपर्ने।

(ङ) यस विधाको लागि ईच्छुक संस्थाहरूले अनुसूचि-२ बमोजिमको फाराम भरी तोकिएको समयावधिभित्र महासंघमा पेश गर्नुपर्नेछ।

नोटः उत्कृष्ट सहकारी पुरस्कार र उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार प्राप्त गर्नको लागि तोकिएका मापदण्डहरू पुरा गरेको हुनुपर्नेछ।

५.३. **"राष्ट्रिय सहकारी पुरस्कार"** सहकारी अभियानको विकासमा विशेष योगदान पुऱ्याए वापत एक जना सहकारी अभियानका विशिष्ठ व्यक्तिलाई राष्ट्रिय सहकारी पुरस्कार प्रदान गरिनेछ।

५.३.१ यस विधाको लागि महासंघमा आवद्ध सदस्य संघहरूबाट सिफारिस भई अनुसूची-३ बमोजिमको फाराम भरी आएको हुनुपर्नेछ।

### ५.४. "उत्कृष्ट सहकारी कर्मचारी पुरस्कार"

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल लगायत महासंघमा आवद्ध सदस्य संघहरूमा कार्यरत उत्कृष्ट कर्मचारीमध्ये एक जनालाई **"उत्कृष्ट सहकारी कर्मचारी पुरस्कार"** वापत नगद सहित पुरस्कार प्रदान प्रदान गरिने छ ।

५.४.१ यस विधाको लागि तोकिएका मापदण्ड पुरा गरेका सम्बन्धित संघहरूको सिफारिशका आधारमा पुरस्कार उपसमितिले छनौट गर्नेछ । यस पुरस्कारका लागि अनुसूची-४ बमोजिमको फाराम भरी महासंघमा पेश भएको हुनुपर्नेछ ।

५.५. **"सहकारी पत्रकारिता पुरस्कार"**

नेपालको सहकारी अभियानका सकारात्मक गतिविधिहरू वारे समाचार लेखन वा लेख रचना प्रकाशन तथा प्रशारणका माध्यमबाट सहकारी अभियानलाई सही दिशावोध गर्ने सञ्चारकर्मीलाई **"सहकारी पत्रकारिता पुरस्कार"** वापत नगद सहित पुरस्कार प्रदान गर्न सकिने छ ।

५.५.१ यस विधामा पुरस्कृत हुन ईच्छुक सञ्चारकर्मीले अनुसूचि-५ बमोजिमको फाराम भरी तोकिएको समयावधि भित्र महासंघमा पेशगर्नु पर्नेछ ।

## ६. पुरस्कार वापत प्रदान गरिने वस्तुहरू

निर्देशिकाको वुँदा नं. ५ मा उल्लेखित पुरस्कार वापत देहायका वस्तुहरू प्रदान गर्न सकिने छ र आवश्यकता अनुसार समय सापेक्ष परिमार्जन गर्दै लगिने छ ।

क. अभिनन्दन पत्र

ख. कदर पत्र

ग. प्रसंशा पत्र/प्रमाण पत्र

घ. टोपी/माला/दोसल्ला

ङ. नगद रकम

च. अन्य जिन्सी सामानहरू

## ७. पुरस्कारको सूचना

७.१ महासंघले पुरस्कारका लागि अनुसूचि १ र २ मा तोकिए अनुसारको फारम भरी पठाउन कम्तिमा १ महिनाको म्याद दिई सार्वजनिक सूचना जारी गर्नुका साथै आवद्ध संघहरूलाई परिपत्र गर्नुपर्नेछ ।

७.२. पुरस्कारको फारम सम्पूर्ण संघ/संस्थाहरूको सहज पहुँच पुग्ने गरी महासंघको वेवसाईट, सहकारी संघहरू र कार्यालयहरू मार्फत उपलब्ध गराउनु पर्नेछ ।

७.३. महासंघबाट जारी फारमका आधारमा संघ/संस्थाहरूले आ-आफ्नो विवरणहरू भरी प्रत्येक वर्ष पुरस्कार उपसमितिले तोकेको समयावधि भित्र पठाईसक्नुपर्नेछ । तोकिएको समयावधि भित्र प्राप्त नभएका फारम मूल्यांकनमा समावेश गरिने छैन ।

७.४ फारम वुझाउने अन्तिम मिति उपसमितिको निर्णय बमोजिम हुनेछ ।

# खण्ड ४
# मूल्यांकनका प्रक्रिया र आधारहरू

## ८. मूल्यांकनका प्रक्रिया

८.१. सहकारी संघ/संस्थाहरूलाई पुरस्कारका लागि छनौट गर्नु अघि अनुसूचि ६ र ७ मा उल्लेखित मापदण्ड वमोजिमको अंक भारका आधारमा मूल्यांकन गर्नुपर्नेछ ।

८.२ सहकारी अभियानमा विशेष योगदान पुऱ्याउने वा गहन भूमिका निर्वाह गर्ने व्यक्ति, सहकारी कर्मचारी वा सहकारी पत्रकारको छनौट गर्नु अघि क्रमशः अनुसूचि ८, ९ र १० मा उल्लेखित मापदण्ड वमोजिमको अंकभारका आधारमा मूल्यांकन गर्नुपर्नेछ ।

८.३. मूल्यांकनका लागि उपसमितिले समय सापेक्ष थप फारामहरू र मापदण्डहरू पनि विकास गरी प्रयोग गर्न सक्नेछ ।

८.४. तोकिएको मापदण्ड पुरा नभएको अवस्थामा कुनै पनि विधामा सम्मान, पुरस्कार, कदर, प्रशंसा वा अन्य कुनै किसिमको पुरस्कार प्रदान गरिने छैन ।

## ९. मूल्यांकनका लागि अपनाइने आधारहरू

९.१. पुरस्कारका लागि सहकारी संघ/संस्थाहरूको मूल्याङ्कन निम्न आधारहरूमा गरिनेछ ।

क) सहकारी सिद्धान्त, मूल्य मान्यता र सहकारी ऐन नियम परिपालना गरेको स्वघोषणा ।

ख) सहकारी ऐनमा व्यवस्था भए वमोजिम लेखापरिक्षण तथा बार्षिक साधारण सभा सम्पन्न गरेको, वार्षिक योजना तथा वजेट निर्माण गरी लागू गरेको र सम्बन्धित निकायमा नियमित प्रतिवेदन,

ग) समिति तथा उपसमितिका नियमित वैठकहरू बसेका,

घ) सम्बन्धित निकायलाई नियमानुसार तिर्नुपर्ने कर चुक्ता गरे/नगरेको,

ङ) आन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरे नगरेको,

च) सदस्यलाई प्रदान गरेको सेवा र व्यवसायिक कारोवारको अवस्था,

छ) सदस्य संख्या वृद्धि दर, तथा शेयर पूँजीको वृद्धि अनुपात,

ज) वित्तीय कारोवारको स्तर,

झ) बचत तथा ऋणको कारोवार गरेको हकमा पर्ल्स अनुगमन प्रणाली पूरा गरेको,

ञ) कृषि क्षेत्रसग सम्बन्धित सहकारी संस्थाहरूको हकमा कृषि क्षेत्रमा गरेका कार्यहरू,

ट) वहुउद्देश्य सहकारी संस्थाको हकमा वहुउद्देश्यीय क्षेत्रमा गरेका कार्यहरू,

ठ) अन्य संस्थाहरूको हकमा सम्बन्धित विषयगत क्षेत्रमा गरेका कार्यहरू,

ड) सदस्य शिक्षा लगायतका सहकारी प्रबर्द्धनात्मक कार्यहरू,

ढ) महिला समावेशिताको अवस्था,

ण) भौगोलिक अवस्थिति,

त) रोजगारी संख्या,

थ) समुदायिक कार्यमा पुऱ्याएको योगदान,

द) माथिल्लो संघमा आवद्धता

ध) सहकारी प्रबर्द्धनका लागि सरोकारवाला निकायहरूसँग बहस पैरबीमा सहभागिता,

न) पुरस्कार वा प्रोत्साहन प्राप्त गरे नगरेको,

प) भवन स्थायी सम्पत्ति व्यवस्था,

फ) सहकारी संघ/संस्थाहरू विगत ३ वर्षदेखि लगातार मुनाफामा संचालन भएको हुनुपर्ने,

ब) माथिल्लो संघ, मन्त्रालय र स्थानीय तहले अनुगमन गर्दा दिइएको सुझावहरूको कार्यान्वयनको अवस्था, आदि ।

९.१.१ पुरस्कारका लागि सहकारी संघ/संस्थाहरूको मूल्याङ्कन फाराम अनुसूची ६ र ७ मा उल्लेख गरे वमोजिम हुनेछ

९.२ सहकारी अभियानको विकासमा विशेष योगदान पुऱ्याए वापत प्रदान गरीने **रा**ष्ट्रिय सहकारी पुरस्कारको मूल्याङ्कन निम्न आधारमा गरिने छ ।

क) सहकारी क्षेत्रमा पुऱ्याएको सेवा

ख) सहकारी सम्वन्धी प्राप्त विशेज्ञता

ग) सहकारी अभियानका लागि गरेका उल्लेख्य कार्यहरू

घ) प्राप्त गरेका महत्वपूर्ण पुरस्कार तथा सम्मान

ङ) सहकारी प्रबर्द्धनको विषयमा प्रकाशित महत्वपूर्ण लेख रचनाहरू

च) सहकारी प्रबर्द्धनको विषयमा प्रकाशित पुस्तक तथा कृतिहरू

छ) संघ/संस्थाको पदाधिकारी वा संचालक भएको भए संघ/संस्था विगत पाँच वर्षदेखि मुनाफा आर्जन गरेको हुनुपर्ने

९.२.१ **रा**ष्ट्रिय सहकारी पुरस्कारको मूल्याङ्कन फारम अनुसूचि-८ मा उल्लेख गरिए वमोजिम हुनेछ ।

९.३ सहकारी कर्मचारीको रूपमा विशेष योगदान पुऱ्याए वापत प्रदान गरिने उत्कृष्ट सहकारी कर्मचारी पुरस्कारको मूल्याङ्कन निम्न आधारमा गरिने छ।

क) सहकारी क्षेत्रमा गरेको सेवा अवधि

ख) कार्यसम्पादन स्तर

ग) कार्यालयमा गरेका सिर्जनात्मक काम

घ) प्राप्त गरेका तालिमहरू

ङ) प्राप्त गरेका महत्वपूर्ण पुरस्कार

च) सहकारी प्रबर्द्धनको विषयमा प्रकाशित महत्वपूर्ण लेखहरू

९.३.१ उत्कृष्ट सहकारी कर्मचारी पुरस्कारको मूल्याङ्कन फारम अनुसूचि-९ मा उल्लेख गरिए वमोजीम हुनेछ ।

९.४ सहकारी पत्रकारिता क्षेत्रमा विशेष योगदान पुऱ्याए वापत प्रदान गरिने सहकारी पत्रकारिता पुरस्कारको मूल्याङ्कन निम्न आधारमा गरिने छ ।

क) सहकारी पत्रकारिता क्षेत्रको अनुभव

ख) सहकारी प्रबर्द्धनको विषयमा प्रकाशित महत्वपूर्ण लेख रचनाहरू

घ) सहकारी प्रबर्द्धनको विषयमा प्रकाशित समाचार/फिचर/अन्तरवार्ताहरू

ङ) सहकारी प्रबर्द्धनको विषयमा प्रकाशित पुस्तक तथा कृतिहरू

च) प्राप्त गरेका महत्वपूर्ण पुरस्कार

८.४.१ सहकारी पत्रकारिता पुरस्कारको मूल्याङ्कन फारम अनुसूचि-१० मा उल्लेख गरिए वमोजीम हुनेछ ।

९.५. सम्वन्धित संघ/संस्थाबाट प्रमाणित भई आएको अनुसूचिमा उल्लेखित फारम बमोजिमको विवरण ।

९.६ सम्वन्धित संघ/संस्था भन्दा एक तह माथिको संघ वा सम्वन्धित नियमनकारी निकायबाट शिफारिस भई आएको पत्र ।

९.७. महासंघमा आवद्ध संघहरूको हकमा महासंघलाई वुझाउनु पर्ने वार्षिक सेवा शुल्क भुक्तानी गरेको हुनुपर्ने र सहकारी अभियानका कार्यक्रमहरूमा संलग्न भई यसलाई पुऱ्याएको योगदानलाई प्राथमिकता दिइने छ ।

## खण्ड ५
## उपसमितिको वैठक तथा कार्यजिम्मेवारी

### १०. पुरस्कार उपसमितिको वैठक

१०.१ उपसमितिको वैठक आवश्यकतानुसार संयोजकले बोलाउनेछ ।

१०.२. उपसमितिको वैठकमा सहभागी भई यथासक्य योगदान पुऱ्याउनु उपसमितिका सबै सदस्यको कर्तव्य हुनेछ ।

१०.३ उपसमितिको गठन गर्दा मन्त्रालय/विभाग र वोर्डबाट २ जना प्रतिनिधि सदस्य राख्नुपर्नेछ र उपसमितिले आवश्यकता अनुसार सहकारी विज्ञहरू तथा अन्य कर्मचारीहरूलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ ।

१०.४ उपसमितिले आफ्नो वैठक संचालन तथा कार्यसम्पादन गर्ने सिलसिलामा आचार संहिता बनाई लागू गर्न सक्नेछ ।

### ११. पुरस्कार उपसमितिका सुविधाहरू

उपसमितिले प्राप्त गर्ने सुविधाहरू महासंघको वार्षिक कार्यक्रम तथा बजेटमा व्यवस्था भए बमोजिम हुनेछ भने थप सुविधाको हकमा संचालक समितिको निर्णय बमोजिम हुनेछ ।

### १२. पुरस्कार उपसमितिका कार्यजिम्मेवारीहरू

१२.१ यस निर्देशिकामा तोकिएका कार्यहरू सम्पादन गर्ने गराउने ।
१२.२. पुरस्कारका लागि सूचना प्रकाशन गर्ने गराउने ।
१२.३ मूल्यांकनका लागि समय सापेक्ष फारमहरूको परिमार्जन तथा र मापदण्डहरूको विकास गर्ने गराउने ।
१२.४ पुरस्कारका लागि अनुसूचिहरू वमोजिम भरी आएका फारमहरूको निर्धारित मापदण्डका आधारमा मूल्याङ्कन गर्ने गराउने ।
१२.५ छोटो सूचिमा परेका सहकारी संघ/संस्थाहरूको आवश्यकतानुसार स्थलगत निरिक्षण गर्ने गराउने ।
१२.६ स्थलगत निरिक्षण प्रतिवेदन पेश गर्ने/गराउने ।
१२.७ प्राप्त प्रतिवेदनउपर अध्ययन गरी मूल्याङ्कन गर्ने/गराउने ।
१२.८ पुरस्कारका लागि छनौट गरी समितिमा सिफारिश गर्ने ।
१२.९ पुरस्कार सम्बन्धी अन्य कार्य गर्ने गराउने ।

**१३. पुरस्कारको घोषणा तथा वितरण**

पुरस्कारको घोषणा तथा वितरण मिति समितिको निर्णय बमोजिम हुनेछ ।

**१४. पुरस्कारको लागि बजेटको व्यवस्था**

पुरस्कारको लागि आवश्यक बजेटको व्यवस्था महासंघको वार्षिक कार्यक्रम तथा बजेटमा व्यवस्था भए बमोजिम हुनेछ ।

**१५. पुरस्कार प्राप्त गर्न नसक्ने अवस्था**

महासंघबाट प्रदान गरिने सम्मान, प्रशंसा, अभिनन्दन वा अन्य कुनै प्रकारका पुरस्कारका लागि तोकिएका सीमाको आधारमा मात्र प्रदान गरिनेछ ।

१५.१. एक पटक सम्मान, पुरस्कार प्राप्त गरेका व्यक्ति, संघ/संस्था वा निकायलाई सो प्राप्त गरेको ५ वर्ष पुरा नभएसम्म पुनः सोही विधामा सम्मान, पुरस्कार प्रदान गरिने छैन ।

१५.२. निर्देशिकामा १५.१ मा जेसुकै कुरा लेखिएको भएता पनि एकपटक सम्मान, पुरस्कार प्राप्त गरेको संघ/संस्था, व्यक्ति वा निकायलाई अन्य फरक विधामा सम्मान, पुरस्कार प्रदान गर्न यो निर्देशिकाले बाधा पुऱ्याउने छैन ।

## खण्ड ६
## व्याख्या तथा संशोधन

**१६. व्याख्या**

यो निर्देशिकाको अन्तिम व्याख्या गर्ने अधिकार समितिमा निहित रहनेछ ।

**१७. संशोधन**

यो निर्देशिकामा आवश्यक थपघट वा संशोधन गर्ने संपूर्ण अधिकार समितिमा निहित हुनेछ ।

# राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
## पूल्चोक, ललितपुर
### उत्कृष्ट सहकारी पुरस्कार ..........को लागि सहकारी संघहरूले भर्नुपर्ने फाराम
**(पछिल्लो आ.व. को विवरण संलग्न गर्ने)**

१) संघको नाम :-........................................................................................
दर्ता नं :-....................................... दर्ता मिति :-....................................
दर्ता भएको निकायः ......................
संघमा आबद्ध हुन सक्ने
संघः.................. संस्थाः........................... जम्माः ................................
संघमा आबद्ध भएका
संघः.................. संस्थाः........................... जम्माः ...............................

२) पूरा ठेगाना :-
वडा नं............. पालिका ......................... जिल्ला...................... प्रदेश ..........
फोन नं :-.................................... फ्याक्स :- ......................................
इमेल :- .................................................. वेवसाइट :-................................
स्थायी लेखा नम्वर :-.................................................

३) अध्यक्षको नाम :-.............................................. सम्पर्क नं.:-............................

४) व्यवस्थापकको नाम :-....................................... सम्पर्क नं :-............................

५) सदस्य संख्या :- संघः.................. संस्थाः....................... कूलः.........................

६) कर्मचारी संख्याः-महिलाः.................. पुरूषः.......................... कूलः..................

७) संचालक समिति सदस्य संख्या :- महिलाः............... पुरूषः...................
कूलः...........
आ.ब. ......... को संचालक समितिको बैठक संख्याः........ उपस्थिति प्रतिशत.............

८) लेखा समिति सदस्य संख्या :- महिलाः.............. पुरूषः................ कूलः.................
आ.ब. ...... को लेखा समितिको बैठक संख्याः.......... उपस्थिति प्रतिशत...................
निर्वाचित मिति :-........................ कार्यकाल अवधि :-.............................

९) उपसमितिहरूको विवरण

| **क्र.सं.** | **उपसमितिको नाम** |
|---|---|
| क) | |

| | |
|---|---|
| ख) | |
| ग) | |

१०) पछिल्लो लेखापरिक्षण सम्पन्न भएको आ.ब.:.....................................

११) पछिल्लो वार्षिक साधारण सभा भएको मितिः................ उपस्थिति प्रतिशतः................

१२) संघले दिर्घकालीन रणनीतिक योजना/व्यवसायिक योजना तथा वार्षिक कार्यक्रम तर्जुमा गरे/नगरेकोः .................................(भएमा छुट्टै संलग्न गर्नुहोला)

१३) संघले आचार संहिता तर्जुमा लागु गरे/नगरेकोः ..................................

१४) माथिल्लो संघमा आबद्धता :

| **क.सं.** | **निकायको नाम** | **वैठक संख्या** | **उपस्थिति प्रतिशत** |
|---|---|---|---|
| क) | | | |
| ख) | | | |
| ग) | | | |
| घ) | | | |

१५) संघद्वारा तर्जुमा भएका विनियमावली, कार्यविधि तथा निर्देशिकाहरू :

| | | | |
|---|---|---|---|
| क) | | ग) | |
| ख) | | घ) | |

१६) संचालक समिति तथा कर्मचारीहरूले लिएको तालिमको विवरण :

| **क.सं.** | **तालिमको नाम** | **आयोजक** | **सहभागी संख्या** |
|---|---|---|---|
| क) | | | |
| ख) | | | |
| ग) | | | |

१७) संघले संचालन गरेको शिक्षा, तालिम तथा अध्ययन भ्रमण (आ.व. ..................)

| **क.सं.** | **तालिमको नाम** | **सहभागी संख्या** |
|---|---|---|
| क) | | |
| ख) | | |
| ग) | | |

१८) सदस्यहरूबीच सूचना प्रवाहका लागि अपनाइएका माध्यमहरू

| | |
|---|---|
| क) | |

| | |
|---|---|
| ख) | |
| ग) | |

१९) संघको भौतिक अवस्थाको विवरण

जग्गा (क्षेत्रफल) ☐ कार्यालय भवन (वटा/तल्ला) ☐ प्रशोधन कारखाना ☐

मेसिन(वटा) ☐ कृषि फर्म ☐ अन्य ☐

२०) संघले सम्मान/पुरस्कार प्राप्त गरेको भए सो को विवरण

| क्र.सं. | सम्मान/पुरस्कारको विवरण | प्रदान गर्ने निकाय | मिति |
|---|---|---|---|
| क) | | | |
| ख) | | | |

२१) संघले सहकारी प्रवर्द्धनका लागि गरेका क्रियाकलापहरू

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| क) | | |
| ख) | | |
| ग) | | |

२२) संघले अन्य सहयोगी निकायहरूको आर्थिक तथा प्राविधिक सहयोगमा संचालित कार्यक्रमहरू

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| क) | | |
| ख) | | |

२३) आर्थिक विवरण

| सि.न. | विवरण | आ.ब. ............ | आ.ब. ................. |
|---|---|---|---|
| क) | सदस्य संख्या | | |
| ख) | शेयर पूजी रकम रू. | | |
| ग) | कुल बचत संकलन रकम रू. | | |
| घ) | कर्जा प्रवाह भएको रकम रू. | | |
| ङ) | भाखा नाघेको ऋण लगानी रकम रू. | | |
| च) | संघले लिएको वाह्य ऋण रकम रू. | | |
| छ) | कूल कारोवार रू. | | |
| ज) | कूल आम्दानी रू. | | |
| झ) | कूल खर्च रू. | | |

| सि.न. | विवरण | आ.ब. ............ | आ.ब. ................. |
|---|---|---|---|
| ञ) | मुनाफा रू. | | |
| ट) | कर्जा जोखिम व्यवस्था कोष रू | | |
| ठ) | मुख्य व्यवसायिक कारोवारको खरिद विवरण (परिमाण र रकम रू) | | |
| | अ) | | |
| | आ) | | |
| ड) | मुख्य व्यवसायिक कारोवारको विक्रि विवरण (परिमाण र रकम रू) | | |
| | अ) | | |
| | आ) | | |
| ढ) | जगेडा तथा अन्य कोष रू. | | |
| ण) | अन्य निकायहरूसँग लिएको अनुदान रू. | | |

२४) मासिक वित्तिय विवरण राष्ट्रिय सहकारी महासंघ/संघ/सहकारी कार्यालय/सहकारी विभाग /निकायमा बुझाउने गरे/नगरेको

गरेको [ ] नगरेको [ ] [..........**वटा**]

२५) जिल्लामा सहकारी सन्देश मासिक पत्रिकाको वार्षिक ग्राहक वनाउन संघले गरेको सहयोग

**नोटः कृपया यस विवरण साथ पछिल्लो दुई आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी अनिवार्य रूपमा पेश गर्नुपर्ने छ । माथि उल्लेख गरेका विषयहरूमा थप पुस्ट्याईका लागि आवश्यक कागजातहरू छुट्टै संलग्न गर्नुपर्नेछ ।**

संघको छाप

प्रमाणित गर्नेको दस्तखत

नाम :

पदः

# राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
# पूल्चोक, ललितपुर
## उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार ......को लागि सहकारी संस्थाहरूले भर्नुपर्ने फाराम
**(पछिल्लो आ.व.को विवरण संलग्न गर्ने)**

१) संस्थाको नाम :-
..................................................................................................
दर्ता नं :-.................................... दर्ता मिति :-.......................................

२) संस्थाको पूरा ठेगाना :-
वडा नं...... गा.पा./न.पा/उ.न.पा./म.न.पा........................ जिल्ला......................
फोन नं :-................................. फ्याक्स :- ......................................
इमेल :- ...................................... वेवसाइट :-...........................................
स्थायी लेखा नम्वर :-.................................................

३) कार्यक्षेत्र :- .......................................................................................

४) अध्यक्षको नाम :-............................................. सम्पर्क नं.:-.............................

५) व्यवस्थापकको नाम :-....................................... सम्पर्क नं :-...........................

६) सदस्य संख्या :- महिलाः.................. पुरूषः........................... कूलः....................

७) कर्मचारी संख्याः-महिलाः.................. पुरूषः........................... कूलः....................

८) संचालक समिति सदस्य संख्या :- महिलाः............... पुरूषः...................
कूलः............
आ.ब. ....... को संचालक समितिको बैठक संख्याः.......... उपस्थिति प्रतिशत.............

९) लेखा समिति सदस्य संख्या :- महिलाः.............. पुरूषः.................. कूलः...............
आ.ब........ को लेखा समितिको बैठक संख्याः........... उपस्थिति प्रतिशत...................
निर्वाचित मिति :-..................... कार्यकाल अवधि :-......................

१०) उपसमितिहरूको विवरण

| क्र.सं. | उपसमितिको नाम | वैठक संख्या | उपस्थिति प्रतिशत |
|---|---|---|---|
| क) | | | |
| ख) | | | |
| ग) | | | |
| घ) | | | |

११)  पछिल्लो लेखा परिक्षण सम्पन्न भएको आ.ब.:....................................

१२)  पछिल्लो वार्षिक साधारण सभा भएको मितिः................ उपस्थिति प्रतिशतः................

१३)  संस्थाले व्यवसायिक योजना तर्जुमा गरे/नगरेकोः .................................

१४)  संस्थाले आचारसंहिता तर्जुमा लागु गरे/नगरेकोः ..................................

१५)  उत्पादनको क्षेत्रमा गरेको काम ...............................................

१६)  वहुउद्देस्यीय क्षेत्रमा गरेको काम.........................................................................

१७)  संस्थाको माथिल्लो निकायमा आबद्धता :

| **क.सं.** | **निकायको नाम** |
|---|---|
| क) | |
| ख) | |
| ग) | |

१८)  संस्थाको प्रचलनमा भएका नियमावली एंव कार्यविधिहरू :

| | | | |
|---|---|---|---|
| क) | | ङ) | |
| ख) | | च) | |
| ग) | | छ) | |
| घ) | | ज) | |

१९)  संचालक समिति तथा कर्मचारीहरूले लिएको तालिमको विवरण :

| **क.सं.** | **तालिमको नाम** | **आयोजक** | **सहभागी संख्या** |
|---|---|---|---|
| क) | | | |
| ख) | | | |
| ग) | | | |

२०)  संस्थाले संचालन गरेको शिक्षा, तालिम तथा अध्ययन भ्रमण ( आ.व. .............)

| **क.सं.** | **तालिमको नाम** | **सहभागी संख्या** |
|---|---|---|
| क) | | |
| ख) | | |
| ग) | | |
| घ) | | |

२१)   सदस्यहरूबीच सूचना प्रवाहका लागि अपनाइएका माध्यमहरू

| | |
|---|---|
| क) | |
| ख) | |
| ग) | |

२२)   संस्थाको भौतिक अवस्थाको विवरण

जग्गा (क्षेत्रफल) [ ]   कार्यालय भवन(वटा/तल्ला [ ]   प्रशोधन कारखाना [ ]

मेसिन(वटा) [ ]   कृषि फर्म [ ]   अन्य [ ]

२३)   संस्थाले पुरस्कार प्राप्त गरेको भए सो को विवरण

| क्र.सं. | पुरस्कारको विवरण | प्रदान गर्ने निकाय | मिति |
|---|---|---|---|
| क) | | | |
| ख) | | | |
| ग) | | | |

२४)   संस्थाले सफ्ट्वेर प्रयोग गरेको भए नाम : ...........................................................

२५)   संस्थाले समुदायप्रति गरेकोसामाजिक कार्यहरूको विवरण

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| क) | | |
| ख) | | |
| ग) | | |
| घ) | | |

२६) आर्थिक विवरण

| सि.न. | विवरण | आ.ब. ............ | आ.ब. ................ |
|---|---|---|---|
| क) | सदस्य संख्या | | |
| ख) | शेयर पूजी रकम रू. | | |
| ग) | कुल बचत संकलन रकम रू. | | |
| घ) | कर्जा प्रवाह भएको रकम रू. | | |
| ङ) | भाखा नाघेको ऋण लगानी रकम रू. | ................(....%) | ................(....%) |
| च) | संस्थाले लिएको वाह्य ऋण रकम रू. | | |
| छ) | कूल कारोवार रू. | | |
| ज) | कूल आम्दानी रू. | | |
| झ) | कूल खर्च रू. | | |

| सि.न. | विवरण | आ.ब. ............ | आ.ब. ................ |
|---|---|---|---|
| ञ) | मुनाफा रू. | | |
| ट) | कर्जा जोखिम व्यवस्था कोष रू | | |
| ठ) | मुख्य व्यवसायिक कारोवारको खरिद विवरण (परिमाण र रकम रू) | | |
| | अ) | | |
| | आ) | | |
| ड | मुख्य व्यवसायिक कारोवारको विक्रि विवरण (परिमाण र रकम रू) | | |
| | अ) | | |
| | आ) | | |
| ढ) | सदस्यलाई दिएको शेयर लाभांस प्रतिशत | | |
| ण) | संरक्षित पूँजी कोष वितरण प्रतिशत | | |
| त) | जगेडा तथा अन्य कोष रू. | | |
| थ) | स्थिर सम्पत्तिको रकम रू | | |

२५) बचत र ऋण लगानीको व्याजदरको फरक प्रतिशत : ..........................

२६) संस्थाले एकै सदस्यलाई ऋण प्रवाह गरेकोअधिकतम रकम :रू...................................

२७) मासिक वित्तिय विवरण गा.पा/न.पा./संघ/महासंघमा बुझाउने गरे/नगरेको
गरेको ☐ नगरेको ☐

**नोटः कृपया यस विवरण साथ पछिल्लो दुई आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी अनिवार्य रूपमा पेश गर्नुपर्ने छ । माथि उल्लेख गरेका विषयहरूमा थप पुस्ट्याईका लागि आवश्यक कागजातहरू छुट्टै संलग्न गर्नुपर्नेछ ।**

संस्थाको छाप

प्रमाणित गर्नेको दस्तखत
नाम :
पदः

# राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

## राष्ट्रिय सहकारी पुरस्कार .......को लागि आवेदन फारम

(सहकारी अभियानमा योगदान दिने सहकारी संघ/संस्था पूर्व पदाधिकारी संचालकहरू, सहकारी अभियन्ताहरू र सहकारी प्रबर्द्धनका क्षेत्रमा कार्य गर्ने व्यक्तिहरू)

१. व्यक्तिगत विवरण :

नाम :..........................................   ठेगाना : ......................................

आवद्ध संघ/संस्था/निकाय भए : .........................   पद : ..........................................

सम्पर्क नं. : ....................................   ई-मेल : ......................................

२. सहकारी अभियानमा कार्य गरेको भए सो को विवरण

| क्र.सं. | काम गरेको निकाय | पद | समयावधि |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

३. सहकारी अभियानमा पुऱ्याएका महत्वपूर्ण कार्यहरू

| क्र.सं. | कार्यहरू | मिति | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

४. सहकारी प्रबर्द्धनको विषयमा प्रकाशित पुस्तक एवं कृतिहरू

| क्र.सं. | पुस्तक/कृतिको नाम | प्रकाशक | प्रकाशित प्रति र मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

५. सहकारी क्षेत्रमा पुऱ्याएको योगदानको कदर स्वरूप प्राप्त पुरस्कारहरू

६. संघ/संस्थाको पदाधिकारी वा संचालक भएको भए संघ/संस्थाको मूनाफाको अवस्था

| क्र.सं. | आ.व. | आर्जित मूनाफाको रकम | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसुचि-४

# राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

## उत्कृष्ट सहकारी कर्मचारी पुरस्कार .........को लागि आवेदन फाराम

*(फारममा उल्लेखित विवरण भर्दा गत आ.व. को कार्यसम्पादन मूल्याङ्कन र प्रतिवेदन अवधिसम्मको उपलब्धीको आधारमा भर्नुपर्नेछ ।)*

संस्थाको नाम :.......................................................................................................

ठेगाना : ..............................  सदस्यता नं.........................  स्थापना मिति : .............

**खाली कोठा भएको स्थानमा (√) चिन्ह लगाउनुहोस् ।**

१. योग्यता (उत्तिर्ण गरेको तह र विषय)...................................................................

२. कार्य अबधि (सहकारीमा काम गरेको) : वर्ष .........  शुरू नियुक्ति मिति :...............

३. सहकारीसँग सम्बन्धित हालसम्म लिएका तालिमहरू (तालिमको नाम, अवधि र आयोजक संस्था खुलाउने)

.......................................................................................................

४. सहकारी सम्बन्धी गत तीन वर्षमा दिएका तालिमहरू (नाम, अवधि र तालिम दिने संस्था खुलाउने)

.......................................................................................................

५. प्राविधिक सिपको ज्ञान तथा दक्षताः

☐ कम्प्युटर ☐ सफ्टवेयर ☐ इमेल ☐ इन्टरनेट ☐ फ्याक्स

६. प्रविधिसँग सम्बन्धी लिएका तालिमहरू (नाम, प्रदान गर्ने संस्था र अवधि खुलाउने) (विवरण खुलाउन आवश्यक भएमा थप पाना संलग्न राख्नुहोला) :

..............................................................

७. कर्मचारीको सांगठानिक संरचनाको विवरण (संरचना खुलाउन थप पाना प्रयोग गर्न सक्नुहुनेछ) :

८. मातहतका कर्मचारी संख्या ...........

९. कार्यसम्पादनको स्तर (पछिल्लो आ.व.को प्रतिशतमा खुलाउने)

१०. प्राप्त गरेका पुरस्कारहरू ...................................

११. सहकारी अभियानको लागि आफ्नो तर्फबाट गरेको सिर्जनात्मक काम

.......................................................................................................

| | |
|---|---|
| व्यवस्थापकको नाम | अध्यक्षको नाम |
| दस्तखत | दस्तखत |
| फाराम भरेको मिति | प्रमाणित गरेको मिति |

# राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

## सहकारी पत्रकारिता पुरस्कार........ को लागि आवेदन फारम

१. व्यक्तिगत विवरण :

नाम :.......................................... ठेगाना : ....................................

आवद्ध संचार प्रतिष्ठान : ..................... पद : ........................................

सम्पर्क नं. : .................................. ई-मेल : .....................................

२. सहकारी पत्रकारिता क्षेत्रको अनुभवः ............................

३. सहकारी प्रबर्द्धनको विषयमा प्रकाशित/प्रशारित महत्वपूर्ण लेखहरू :

| क.सं. | लेखको शिर्षक | प्रकाशित/प्रशारित माध्यम | मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

३. सहकारी प्रबर्द्धनको विषयमा प्रकाशित समाचार/फिचर/अन्तरवार्ताहरू :

| क.सं. | समाचार/फिचर/अन्तरवार्ता शिर्षक | प्रकाशित/प्रशारित माध्यम | मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

४. सहकारी प्रबर्द्धनको विषयमा प्रकाशित पुस्तक एवं कृतिहरू :

| क.सं. | पुस्तक/कृतिको नाम | प्रकाशक | प्रकाशित प्रति र मिति |
|---|---|---|---|
| | | | |
| | | | |

५. सहकारी क्षेत्रमा पुऱ्याएको योगदानको कदर स्वरूप प्राप्त पुरस्कारहरू भए सो को विवरणः

अनुसुचि-६

# राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

## उत्कृष्ट सहकारी पुरस्कार ...........

(सहकारी संघका लागि)

## मूल्याङ्कन फारम

संघको नामः ..........................................................................................

जिल्ला ......................................................................

संघको प्रकृति ...........................................................

शिफारिस गर्ने निकायः..................................................

| क्रसं | सूचकहरू | पूर्णाङ्क | प्राताङ्क |
|---|---|---|---|
| १ | **सहकारी सिद्धान्त, मूल्य मान्यता र सहकारी ऐन नियम परिपालना (१०)** | **१०** | |
| | (क) सहकारी सिद्धान्त, मूल्य र मान्यता परिपालन गरेको स्वघोषणा | २ | |
| | (ख) समयमै बार्षिक साधारण सभा (पौष मसान्त भित्र) | २ | |
| | (ग) समयमै बार्षिक लेखा परीक्षण (आश्वीन मसान्त भित्र) | २ | |
| | (घ) बार्षिक कार्यक्रम तथा बजेट निर्माण (श्रावण मसान्त भित्र) | २ | |
| | (ङ) सरोकारवाला निकायमा नियमित प्रतिवेदन पेश (मासिक) | २ | |
| २ | **विनियमावली तथा आन्तरिक कार्यविधि उपलब्धता (५)** | **५** | |
| | ➢ २ वटासम्म निर्देशिका, आन्तरिक कार्यविधि/विनियमावलीहरू | २ | |
| | ➢ ३ वटासम्म नीति निर्देशिका, आन्तरिक कार्यविधि/विनियमावलीहरू | ३ | |
| | ➢ ४ वा सो भन्दा वढी निर्देशिका, आन्तरिक कार्यविधि/विनियमावलीहरू | ५ | |
| ३ | **समिति बैठक र उपसमिति गठन (४)** | **४** | |
| | **क) संचालक समितिको नियमित वैठक संख्या (२)** | **२** | |
| | ➢ ६ पटक भन्दा कम | १ | |
| | ➢ ६ पटक वा सो भन्दा बढी | २ | |
| | **ख) उपसमितिहरू गठन (२)** | **२** | |
| | ➢ २ वटा भन्दा कम | १ | |
| | ➢ २ वटा वा सो भन्दा बढी | २ | |
| ४ | **आन्तरिक नियन्त्रण प्रणाली (लेखा समितिबाट लेखा जाँच तथा आन्तरिक लेखा परिक्षण) (२)** | **२** | |
| | ➢ वार्षिक ४ पटक भन्दा कम | १ | |
| | ➢ वार्षिक ४ पटक वा सो भन्दा बढी | २ | |
| ५ | विनियम अनुसार **सदस्यलाई प्रदान गरेको सेवा (५)** | **५** | |
| | (क) संघको उद्देश्य अनुसार दुई वटा मात्र कार्यसञ्चालन गरेको | ३ | |
| | (ख) संघको उद्देश्य अनुसार दुई भन्दा बढी कार्यसञ्चालन गरेको | ५ | |
| ६ | **सदस्य तथा शेयर पूँजीको वृद्धि अनुपात (१०)** | **१०** | |
| | **सदस्यता प्रदान (४)** | **४** | |
| | ➢ कुल संघ/संस्थामध्ये १० प्रतिशत भन्दा कम | ० | |
| | ➢ कुल संघ/संस्थामध्ये ११ प्रतिशत देखि ४९ प्रतिशतसम्म | २ | |
| | ➢ कुल संघ/संस्थामध्ये ५० देखि ७९ प्रतिशतसम्म | ३ | |
| | ➢ कुल संघ/संस्थामध्ये ८० प्रतिशत भन्दा वढि | ४ | |
| | **सदस्यता वृद्धिदर (३)** | **३** | |
| | ➢ ५ प्रतिशत भन्दा कम | १ | |
| | ➢ ५ देखि १० प्रतिशत सम्म | २ | |

| | | | |
|---|---|---|---|
| | ➢ १० प्रतिशत भन्दा बढी | ३ | |
| | **शेयर पूँजी वृद्धिदर (३)** | **३** | |
| | ➢ ५ प्रतिशत भन्दा कम | १ | |
| | ➢ ५ देखि १० प्रतिशत सम्म | २ | |
| | ➢ १० प्रतिशत भन्दा बढी | ३ | |
| ७ | **वित्तिय कारोवारको स्तर (१२)** | **१२** | |
| | **क) कुल सम्पत्तिको वृद्धि दर (३)** | **३** | |
| | ➢ ५ प्रतिशत भन्दा कम | १ | |
| | ➢ ५ देखि १० प्रतिशत सम्म | २ | |
| | ➢ १० प्रतिशत भन्दा बढी | ३ | |
| | **(ख) अघिल्लो वर्षको तुलनामा खुद मुनाफा वृद्धिदर (३)** | **३** | |
| | ➢५ प्रतिशत भन्दा कम | १ | |
| | ➢५ देखि १० प्रतिशत सम्म | २ | |
| | ➢१० प्रतिशत भन्दा बढी | ३ | |
| | **(ज) जगेडा तथा अन्य कोषको अवस्था (२)** | **२** | |
| | ➢ कुल सम्पत्तिको ५ प्रतिशत सम्म | १ | |
| | ➢ कुल सम्पत्तिको ५ प्रतिशत भन्दा माथि | २ | |
| | **(झ) अभिलेख प्रणाली (२)** | **२** | |
| | ➢ म्यानुवल अभिलेख प्रणाली | १ | |
| | ➢ कम्प्युटर अभिलेख प्रणाली | २ | |
| | **ञ) तिर्नु पर्ने कर चुक्ता गरे नगरेको (२)** | **२** | |
| | ➢ नगरेको | ० | |
| | ➢ गरेको | २ | |
| ८.१ | **बचत तथा ऋणको कारोवार भए पर्ल्स अनुगमन मापदण्ड पूरा गरेको (६)** | **६** | |
| | (क) २५ प्रतिशत भन्दा कम मापदण्ड पुरा गरेको | १ | |
| | (ख) २६ देखि ५० प्रतिशतसम्म मापदण्ड पुरा गरेको | ३ | |
| | (ग) ५१ देखि ७५ प्रतिशतसम्म मापदण्ड पुरा गरेको | ५ | |
| | (घ) ७५ भन्दा माथि मापदण्ड पुरा गरेको | ६ | |
| ८.२ | **कृषि क्षेत्रसग सम्बन्धित सहकारी संस्थाहरूको हकमा कृषि क्षेत्रमा गरेका कार्यहरू (६)** | **६** | |
| | (क) बचत तथा ऋणको मात्र कारोवार | २ | |
| | (ख) बचत तथा ऋणको अतिरिक्त कृषिसंग सम्बन्धित अन्य एक परियोजना संचालन गरेको | ४ | |
| | (ग) बचत तथा ऋणको अतिरिक्त कृषिसंग सम्बन्धित एकभन्दा बढी परियाजना संचालन गरेको | ६ | |
| ८.३ | **वहुउद्देश्य सहकारी संस्थाको हकमा वहुउद्देश्यीय क्षेत्रमा गरेका कार्यहरू (६)** | **६** | |
| | (क) बचत तथा ऋणको मात्र कारोवार | २ | |
| | (ख) बचत तथा ऋणको अतिरिक्त अन्य एक परियोजना संचालन गरेको | ४ | |
| | (ग) बचत तथा ऋणको अतिरिक्त अन्य एक भन्दा बढी परियाजना संचालन गरेको | ६ | |
| ८.४ | **अन्य विषयगत क्षेत्रमा गरेका कार्यहरू (६)** | **६** | |
| | (क) बचत तथा ऋणको मात्र कारोवार | २ | |
| | (ख) बचत तथा ऋणको अतिरिक्त सम्बन्धित बिषयको कार्य गरेको | ४ | |
| | (ग) बचत तथा ऋणको अतिरिक्त सम्बन्धित बिषयको उत्पादन, प्रशोधन र बजारीकरण गरेको | ६ | |
| ९ | **शिक्षा तथा तालिम, सूचना लगायतका सहकारी प्रबर्द्धनात्मक कार्यहरू (१०)** | **१०** | |
| | **क) शिक्षा तथा तालिम कार्यक्रम संचालन (३)** | **३** | |
| | ➢५ पटक कार्यक्रम संचालन | २ | |
| | ➢सो भन्दा वढी | ३ | |

| | | | |
|---|---|---|---|
| | **(ख) सदस्यहरूका लागि अध्ययन भ्रमण कार्यक्रम संचालन (२)** | २ | |
| | **(ग) सूचना प्रवाहको व्यवस्था (२)** | ३ | |
| | ➢ पत्राचार, सदस्य वडापत्र, सूचनापाटी | १ | |
| | ➢ अन्य विद्युत्तीय माध्यम वा पत्रपत्रिका | ३ | |
| | **(घ) सदस्यहरूलाई पुरस्कार, सम्मानको प्रावधान** | २ | |
| १० | **सञ्चालक समितिमा महिला समावेशिता (३)** | ३ | |
| | ➢ ३३ प्रतिशत भन्दा कम | २ | |
| | ➢ ३३ प्रतिशत भन्दा वढि | ३ | |
| ११ | **भौगोलिक क्षेत्रमा अवस्थित (३)** | ३ | |
| | ➢ दुर्गम | २ | |
| | ➢ अति दुर्गम | ३ | |
| १२ | **प्रत्यक्ष रोजगारी संख्या (५)** | ५ | |
| | ➢ १ जना पनि नरहेको | ० | |
| | ➢ १ जना देखि ५ जनासम्म रहेको | ३ | |
| | ➢ ५ जना देखि वढि | ५ | |
| १३ | **माथिल्लो संघमा आवद्धता (५)** | ५ | |
| | ➢ माथिल्लो एक संघमा आवद्धता | १ | |
| | ➢ माथिल्लो दुइ संघमा आवद्धता | ३ | |
| | ➢ माथिल्लो दुई भन्दा बढी संघमा आवद्धता | ५ | |
| १४ | **महासंघमा वुझाउनु पर्ने शुल्क वुझाएको (५)** | ५ | |
| १५ | **सहकारी प्रबर्द्धनका लागि सरोकारवाला निकायहरूसंग बहस पैरबीमा सहभागिता (५)** | ५ | |
| १६ | **पुरस्कार प्राप्त गरे नगरेको (५)** | ५ | |
| | ➢ जिल्ला तथा प्रदेश तहबाट पुरस्कृत | २ | |
| | ➢ केन्द्र, राष्ट्रिय तहबाट पुरस्कृत | ५ | |
| १७ | **स्थायी सम्पत्ति व्यवस्था (५)** | ५ | |
| | ➢ जग्गा मात्र रहेको | २ | |
| | ➢ जग्गा र भवन रहेको | ५ | |
| | **जम्मा** | १०० | |

**नोटः ८.१ देखि ८.४ मध्ये सम्वन्धित विषयगत क्षेत्रको छनौट गरी कुनै एक वुँदामा मात्र अंङ्क दिनु पर्ने छ।**

# राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

## उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार ............

(सहकारी संस्थाका लागि)

## मूल्याङ्कन फारम

संस्थाको नामः ..........................................................................................
जिल्ला ...................................................................
संस्थाको प्रकृति ..............................................................
शिफारिस गर्ने निकायः....................................................

| क्रसं | सूचकहरू | पूर्णाङ्क | प्राताङ्क |
|---|---|---|---|
| १ | **सहकारी सिद्धान्त, मूल्य मान्यता र सहकारी ऐन नियम परिपालना (१०)** | **१०** | |
| | (क) सहकारी सिद्धान्त, मूल्य र मान्यता परिपालन गरेको स्वघोषणा | २ | |
| | (ख) समयमै बार्षिक साधारण सभा (पौष मसान्त भित्र) | २ | |
| | (ग) समयमै बार्षिक लेखा परीक्षण (आश्वीन मसान्त भित्र) | २ | |
| | (घ) बार्षिक कार्यक्रम तथा बजेट निर्माण (श्रावण मसान्त भित्र) | २ | |
| | (ङ) सरोकारवाला निकायमा नियमित प्रतिवेदन पेश (मासिक) | २ | |
| २ | **विनियमावली तथा आन्तरिक कार्यविधि उपलब्धता (५)** | **५** | |
| | ➢ २ वटा सम्म निर्देशिका, आन्तरिक कार्यविधि/विनियमावलीहरू | २ | |
| | ➢ ३ वटा सम्म नीति निर्देशिका, आन्तरिक कार्यविधि/विनियमावलीहरू | ३ | |
| | ➢ ४ वा सो भन्दा वढी निर्देशिका, आन्तरिक कार्यविधि/विनियमावलीहरू | ५ | |
| ३ | **समिति बैठक र उपसमिति गठन (४)** | **४** | |
| | **क) संचालक समितिको नियमित वैठक संख्या (२)** | **२** | |
| | ➢ ८ पटक भन्दा कम | १ | |
| | ➢ ८ पटक वा सो भन्दा बढी | २ | |
| | **ख) उपसमितिहरू गठन (२)** | **२** | |
| | ➢ २ वटा भन्दाकम | १ | |
| | ➢ २ वटा वा सो भन्दा बढी | २ | |
| ४ | **आन्तरिक नियन्त्रण प्रणाली (लेखा समितिबाट लेखा जाँच तथा आन्तरिक लेखा परिक्षण) (२)** | **२** | |
| | ➢ वार्षिक ४ पटक भन्दा कम | १ | |
| | ➢ वार्षिक ४ पटक वा सो भन्दा बढी | २ | |
| ५ | विनियम अनुसार **सदस्यलाई प्रदान गरेको सेवा (५)** | **५** | |
| | (क) संस्थाको उद्देश्य अनुसार एक वटा मात्र व्यवसाय संचालन गरेको | १ | |
| | (ख) संस्थाको उद्देश्य अनुसार दुई वटा मात्र व्यवसाय संचालन गरेको | ३ | |
| | (ग) संस्थाको उद्देश्य अनुसार दुई भन्दा बढीकार्य संचालन गरेको | ५ | |
| ६ | **सदस्य तथा शेयर पूँजीको वृद्धि अनुपात (पछिल्लो १ वर्षको) (६)** | **६** | |
| | **सदस्यता वृद्धिदर (३)** | **३** | |
| | ➢ ५ प्रतिसत भन्दा कम | १ | |
| | ➢ ५ देखि १० प्रतिसत सम्म | २ | |
| | ➢ १० प्रतिसत भन्दा बढी | ३ | |
| | **शेयर पूँजी वृद्धिदर (३)** | **३** | |
| | ➢ ५ प्रतिसत भन्दा कम | १ | |
| | ➢ ५ देखि १० प्रतिसत सम्म | २ | |

| | | | |
|---|---|---|---|
| | ➢ १० प्रतिसत भन्दा बढी | ३ | |
| **७** | **वित्तिय कारोवारको स्तर (पछिल्लो १ वर्षको वृद्धिदर ) (१५)** | **१५** | |
| | **क) कुल सम्पत्तिको वृद्धि दर (३)** | **३** | |
| | ➢ ५ प्रतिशत भन्दा कम | १ | |
| | ➢ ५ देखि १० प्रतिशत सम्म | २ | |
| | ➢ १० प्रतिसत भन्दा बढी | ३ | |
| | **(ख) अघिल्लो वर्षको तुलनामा खुद मुनाफा वृद्धिदर (३)** | **३** | |
| | ➢ ५ प्रतिशत भन्दा कम | १ | |
| | ➢ ५ देखि १० प्रतिसत सम्म | २ | |
| | ➢ १० प्रतिशत भन्दा बढी | ३ | |
| | **(ग) शेयर लाभांश कोष वितरण (३)** | **३** | |
| | ➢ १० प्रतिसत सम्म | १ | |
| | ➢ १० देखि १५ प्रतिसत सम्म | २ | |
| | ➢ १५ प्रतिसत भन्दा बढी | ३ | |
| | **(घ) जगेडा तथा अन्य कोषको अवस्था (२)** | **२** | |
| | ➢ कुल सम्पत्तिको ५ प्रतिसत सम्म | १ | |
| | ➢ कुल सम्पत्तिको ५ प्रतिसत भन्दा माथि | २ | |
| | **(ङ) अभिलेख प्रणाली (२)** | **२** | |
| | ➢ कम्प्युटर अभिलेख प्रणाली | २ | |
| | ➢ म्यानुवल अभिलेख प्रणाली | १ | |
| | **(च) तिर्नु पर्ने कर चुक्ता गरे नगरेको (२)** | **२** | |
| | ➢ गरेको | २ | |
| | ➢ नगरेको | ० | |
| **८.१** | **बचत तथा ऋणको कारोवार भए पर्ल्स अनुगमन मापदण्ड पूरा गरेको (१०)** | **१०** | |
| | (क) २५ प्रतिशत भन्दा कम मापदण्ड पुरा गरेको | २ | |
| | (ख) २६ देखि ५० प्रतिशत सम्म मापदण्ड पुरा गरेको | ४ | |
| | (ग) ५१ देखि ७५ प्रतिशत सम्म मापदण्ड पुरा गरेको | ७ | |
| | (घ) ७५ भन्दा माथी मापदण्ड पुरा गरेको | १० | |
| **८.२** | **कृषि क्षेत्रसग सम्बन्धित सहकारी संस्थाहरूको हकमा कृषि क्षेत्रमा गरेका कार्यहरू (१०)** | **१०** | |
| | (क) बचत तथा ऋणको मात्र कारोवार | २ | |
| | (ख) बचत तथा ऋणको अतिरिक्त कृषिसंग सम्बन्धित अन्य एक परियोजना संचालन गरेको | ५ | |
| | (ग) बचत तथा ऋणको अतिरिक्त कृषिसंग सम्बन्धित एक भन्दा बढी परियाजना संचालन गरेको | १० | |
| **८.३** | **वहुउद्देश्य सहकारी संस्थाको हकमा वहुउद्देश्यीय क्षेत्रमा गरेका कार्यहरू (१०)** | **१०** | |
| | (क) बचत तथा ऋणको मात्र कारोवार | २ | |
| | (ख) बचत तथा ऋणको अतिरिक्त अन्य एक परियोजना संचालन गरेको | ५ | |
| | (ग) बचत तथा ऋणको अतिरिक्त अन्य एक भन्दा बढी परियाजना संचालन गरेको | १० | |
| **८.४** | **अन्य विषयगत क्षेत्रमा गरेका कार्यहरू (१०)** | **१०** | |
| | (क) बचत तथा ऋणको मात्र कारोवार | २ | |
| | (ख) बचत तथा ऋणको अतिरिक्त सम्बन्धित बिषयको कार्य गरेको | ५ | |
| | (ग) बचत तथा ऋणको अतिरिक्त सम्बन्धित बिषयको उत्पादन, प्रशोधन र बजारिकरण गरेको | १० | |
| **९** | **सदस्य शिक्षा, सूचना लगायतका सहकारी प्रबर्द्धनात्मक कार्यहरू (१०)** | **१०** | |
| | **क) शिक्षा तथा तालिम कार्यक्रम संचालन(३)** | **३** | |
| | ➢ १ पटक कार्यक्रम संचालन | २ | |
| | ➢ सो भन्दा वढी | ३ | |

| | | | |
|---|---|---|---|
| | **(ख) सदस्यहरूका लागि अध्ययन भ्रमण कार्यक्रम संचालन (२)** | २ | |
| | **(ग) सुचना प्रवाहको व्यवस्था (२)** | ३ | |
| | ➢ सदस्य वडापत्र, सूचनापाटी मात्र | २ | |
| | ➢ पत्राचार वा अन्य विद्युत्तीय माध्यम तथा पत्रपत्रिका समेत | ३ | |
| **१०** | **सदस्यहरूलाई पुरस्कार, सम्मानको प्रावधान (२)** | २ | |
| **११** | **सञ्चालक समितिमा महिला समावेशिता (३)** | ३ | |
| | ➢ ३३ प्रतिशत भन्दा कम | २ | |
| | ➢ ३३ प्रतिशत भन्दा वढि | ३ | |
| १२ | **भौगोलिक क्षेत्र(२)** | २ | |
| | अति दुर्गम | २ | |
| | दुर्गम | १ | |
| **१३** | **प्रत्यक्षरोजगारी संख्या (१०)** | १० | |
| | ➢ १ जना देखि ५ जनासम्म | १ | |
| | ➢ ६ जना देखि १० जनासम्म | ३ | |
| | ➢ ११ जना देखि २५ जनासम्म | ५ | |
| | ➢ २६ जना देखि ५० जनासम्म | ८ | |
| | ➢ ५० जना भन्दा बढी | १० | |
| **१४** | **संस्थागत सामाजिक उतरदायित्वमा पुऱ्याएको योगदान (४)** | ४ | |
| | ➢ न्यूनतम ३ सामुदायिक कार्यको लागि | २ | |
| | ➢ ३ भन्दा वढी सामुदायिक कार्यको लागि | ४ | |
| **१५** | **माथिल्लो संघमा आवद्धता (४)** | ४ | |
| | ➢ क) माथिल्लो एक संघमा आवद्धता | २ | |
| | ➢ ख) माथिल्लो दुइ संघमा आवद्धता | ४ | |
| | ➢ ग) माथिल्लो दुई भन्दा बढी संघमा आवद्धता | ५ | |
| १६ | **पुरस्कार प्राप्त गरे नगरेको (४)** | ४ | |
| | ➢ जिल्ला तहबाट पुरस्कृत | २ | |
| | ➢ केन्द्र, राष्ट्रिय तहबाट पुरस्कृत | ४ | |
| १७ | **स्थायी सम्पत्ति व्यवस्था (४)** | ४ | |
| | ➢ जग्गा मात्र रहेको | २ | |
| | ➢ जग्गा र भवन रहेको | ४ | |
| | जम्मा | १०० | |

**नोटः ८.१ देखि ८.४ मध्ये सम्वन्धित विषयगत क्षेत्रको छनौट गरी कुनै एक वुँदामा मात्र अंङ्क दिनु पर्ने छ ।**

अनुसुचि-८

# राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

## राष्ट्रिय सहकारी पुरस्कार.........

## मूल्याङ्कन फारम

नाम :.............................................

आवद्ध संघ/संस्था/निकाय भए : .........................

सम्पर्क नं. : ....................................

ठेगाना : ......................................

पद : ...........................................

ई-मेल : ......................................

| क्रसं | सूचकहरू | पूर्णाङ्क | प्राताङ्क |
|---|---|---|---|
| १ | **सहकारी क्षेत्रमा पुऱ्याएको सेवा** | **१५** | |
| | (क) १० देखि १५ वर्ष सम्म | ५ | |
| | (ख) १५ देखि २० वर्ष सम्म | १० | |
| | (ग) २० वर्ष भन्दा माथि | १५ | |
| २ | **सहकारी क्षेत्रमा प्राप्त विशेषज्ञता** | **१५** | |
| | (क) न्यूनतम ३ वर्ष सहकारी प्रशिक्षणमा संलग्न | ३ | |
| | (ख) न्यूनतम ५ वर्ष कुशल व्यवस्थापक भई कार्य गरेको | ६ | |
| | (ग) सहकारी प्रशिक्षण तथा व्यवस्थापकिय कार्यमा संलग्न भएको | ९ | |
| | (घ) सहकारी विषयमा विद्यावारिधी गरी प्रशिक्षण तथा व्यवस्थापकिय कार्यमा दक्षता भएको | १५ | |
| ३ | **सहकारी अभियानका लागि गरेका उल्लेख्य कार्यहरू** | **१०** | |
| | (क) सहकारी अभियानका लागि १ देखि ३ वटासम्म गरेका उल्लेख्य कार्यहरू | ५ | |
| | (ख) सहकारी अभियानका लागि ३ देखि ५ वटासम्म गरेका उल्लेख्य कार्यहरू | १० | |
| ४ | **प्राप्त गरेका महत्वपूर्ण पुरस्कार** | **१५** | |
| | ➢ जिल्ला तथा प्रदेश तहबाट प्राप्त पुरस्कार | ५ | |
| | ➢ केन्द्र/राष्ट्रिय तहबाट प्राप्त पुरस्कार | १० | |
| | ➢ अन्तराष्ट्रिय तहबाट प्राप्त पुरस्कार | १५ | |
| ५ | **सहकारी प्रबर्द्धनको विषयमा प्रकाशित महत्वपूर्ण लेख रचनाहरू** | **१५** | |
| | (क) १ देखि ५ वटासम्म प्रकाशित लेखहरू | ३ | |
| | (ख) ५ देखि १० वटासम्म प्रकाशित लेखहरू | ५ | |

| | | | |
|---|---|---|---|
| | (ग) १०  देखि २० वटासम्म प्रकाशित लेखहरू | ८ | |
| | (घ) २०  देखि ४० वटासम्म प्रकाशित लेखहरू | १२ | |
| | (ङ) ४०  देखि माथि प्रकाशित लेखहरू | १५ | |
| **६** | **सहकारी प्रबर्द्धनको विषयमा प्रकाशित पुस्तक तथा कृतिहरू** | **२०** | |
| | (क) १ देखि ५ वटासम्म प्रकाशित पुस्तक तथा कृतिहरू | ४ | |
| | (ख) ५  देखि १० वटासम्म प्रकाशित पुस्तक तथा कृतिहरू | ८ | |
| | (ग) १०  देखि २० वटासम्म प्रकाशित पुस्तक तथा कृतिहरू | १२ | |
| | (घ) २०  देखि ४० वटासम्म प्रकाशित पुस्तक तथा कृतिहरू | १६ | |
| | (ङ) ४०  देखि माथि प्रकाशित पुस्तक तथा कृतिहरू | २० | |
| **७** | संघ/संस्थाको पदाधिकारी वा संचालक भएको भए संघ/संस्थाको मूनाफाको अवस्था | **१०** | |
| | (क)  विगत ३ वर्षदेखि निरन्तर मुनाफा आर्जन गरेको भए | ५ | |
| | (ख)  विगत ३ वर्षभन्दा माथि निरन्तर मुनाफा आर्जन गरेको भए | १० | |
| | **जम्मा** | **१००** | |

अनुसुचि-९

# राष्ट्रिय सहकारी संघ लि. नेपाल

## उत्कृष्ट सहकारी कर्मचारी पुरस्कार..........

## मूल्याङ्कन फारम

कर्मचारीको नामः ..........................................................................................

जिल्ला ..........................................................................

शिफारिस गर्ने संघको नामः...................................................

| क्रसं | सूचकहरू | पूर्णाङ्क | प्राताङ्क |
|---|---|---|---|
| १ | **सेवा अवधि** | **२०** | |
| | (क) १० वदेखि १५ वर्षसम्म | १० | |
| | (ख) १५ वदेखि २० वर्षसम्म | १५ | |
| | (ग) २० वर्ष भन्दा माथि | २० | |
| २ | **कार्यसम्पादनको स्तर** | **२०** | |
| | (क) कार्यसम्पादन मूल्याङ्कनमा ५० प्रतिशत प्राप्त | १० | |
| | (क) कार्यसम्पादन मूल्याङ्कनमा ७५ प्रतिशत प्राप्त | १५ | |
| | (क) कार्यसम्पादन मूल्याङ्कनमा ९० प्रतिशत भन्दा माथि | २० | |
| ३ | **कार्यालयमा गरेका सिर्जनात्मक काम** | **१०** | |
| | (क) १ देखि ३ वटासम्म गरेका सिर्जनात्मक काम | ३ | |
| | (ख) ३ देखि ५ वटासम्म गरेका सिर्जनात्मक काम | ६ | |
| | (ग) ५ भन्दा माथि गरेका सिर्जनात्मक काम | १० | |
| ४ | **प्राप्त गरेका तालिम** | **१०** | |
| | (क) १ देखि ३ वटासम्म प्राप्त गरेका तालिम | ५ | |
| | (ख) ५ भन्दा माथि प्राप्त गरेका तालिम | १० | |
| ५ | **प्राप्त गरेका पुरस्कार** | **२०** | |
| | ➢ सम्बन्धित संघबाट प्राप्त पुरस्कार | १० | |
| | ➢ केन्द्र/राष्ट्रिय तहबाट प्राप्त पुरस्कार | २० | |
| ६ | **सहकारी प्रबर्द्धनको विषयमा प्रकाशित महत्वपूर्ण लेखहरू** | **२०** | |
| | (क) १ देखि ५ वटा सम्म प्रकाशित लेखहरू | १० | |
| | (ख) ५ देखि १० वटा सम्म प्रकाशित लेखहरू | १५ | |
| | (ग) १० देखि २० वटा सम्म प्रकाशित लेखहरू | २० | |
| | जम्मा | **१००** | |

अनुसुचि-१०

# राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

## सहकारी पत्रकारिता पुरस्कार .........

## मूल्याङ्कन फारम

व्यक्तिगत विवरण :

नाम :.................................................  ठेगाना : .......................................

आवद्ध संचार प्रतिष्ठान : ............................  पद : ............................................

सम्पर्क नं. : .........................................  ई-मेल : .......................................

शिफारिस गर्ने संचार प्रतिष्ठान : ............................

| क्रसं | सूचकहरू | पूर्णाङ्क | प्राताङ्क |
|---|---|---|---|
| **१** | **सहकारी पत्रकारिता क्षेत्रको अनुभव** | **२०** | |
| | (क) ३ देखि ५ वर्षसम्म | ५ | |
| | (ख) ५ वदेखि १० वर्षसम्म | १० | |
| | (ग) १० वर्ष भन्दा माथि | २० | |
| २ | **सहकारी प्रबर्द्धनको विषयमा प्रकाशित महत्वपूर्ण लेख रचनाहरू** | **२०** | |
| | (क) १ देखि ३ वटासम्म प्रकाशित लेखहरू | ५ | |
| | (ख) ३ देखि ५ वटा सम्म प्रकाशित लेखहरू | १० | |
| | (ग) ५ देखि माथि प्रकाशित लेखहरू | २० | |
| **३** | **सहकारी प्रबर्द्धनको विषयमा प्रकाशित समाचार/फिचर/अन्तरवार्ताहरू** | **२०** | |
| | (क) १ देखि ५ वटासम्म प्रकाशित समाचार/फिचर/अन्तरवार्ताहरू | ५ | |
| | (ख) ५ देखि १० वटासम्म प्रकाशित समाचार/फिचर/अन्तरवार्ताहरू | १० | |
| | (ग) १० देखि माथि प्रकाशित समाचार/फिचर/अन्तरवार्ताहरू | २० | |
| ४ | **सहकारी प्रबर्द्धनको विषयमा प्रकाशित पुस्तक तथा कृतिहरू** | **२०** | |
| | (क) न्यूनतम १ वटा प्रकाशित पुस्तक वा कृति | ५ | |
| | (ख) २ वटासम्म प्रकाशित पुस्तक तथा कृतिहरू | १० | |
| | (ग) ३ भन्दा वढि प्रकाशित पुस्तक तथा कृतिहरू | २० | |
| **५** | **प्राप्त गरेका महत्वपूर्ण पुरस्कार** | **२०** | |
| | ➢ स्थानिय तहबाट प्राप्त पुरस्कार | १० | |
| | ➢ जिल्ला तथा प्रदेश तहबाट प्राप्त पुरस्कार | १५ | |
| | ➢ केन्द्र तथा राष्ट्रिय तहबाट प्राप्त पुरस्कार | २० | |
| | **जम्मा** | **१००** | |

**पुरस्कार उपसमितिको नामावली**

१. श्री सुरेन्द्र भण्डारी, संयोजक

२. माननीय श्री प्रभा कोइराला, सदस्य

३. श्री पदम दाहाल, सदस्य

४. श्री वावुल खनाल, सदस्य-सचिव

**विशेष आमन्त्रित**

५. श्री चित्रा कुमारी थाम्सुहाङ्ग सुब्बा, का.मु. महाप्रबन्धक